**बैठक नं.१७**

आज मिति २०८०/०२/०३ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : विहान ८:३० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिका हल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन मगर | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | टेकराज पन्थी | सचिव | |

राम प्रसाद पराजुली - का. वा. [illegible] -१४

**प्रस्ताव नं.१७.१**
**मिति २०८०।१।२१ मा बसेको अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।**
**निर्णय नं.१७.१**

- नगरभित्रका १० वटा विद्यालयहरुलाई नयाँ विद्यालय खोल्ने तथा कक्षा थप गर्ने अनुमति दिइएको ।
- अन्तर्राष्ट्रियस्तरको उजिरसिंह रंगशाला निर्माणको लागि जग्गा प्राप्ति तथा सट्टा भर्ना दिने गरी स्वीकृति प्रदान गर्ने निर्णय लिइएको ।
- अव्यवस्थित बसोवासीहरुलाई लालपूर्जा प्राप्तिको प्रक्रिया अगाडि बढाउनका लागि भुमि आयोग जिल्ला समिति रुपन्देहीमा सिफारिस गरिएको ।
- नदीजन्य पदार्थको निकासीका लागि कार्यदल गठन गरिएको ।

**प्रस्ताव नं.१७.२**
**High Mast Light जडानका लागि सहकार्य गर्ने सम्बन्धमा ।**
**निर्णय नं.१७.२**

बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका मुख्य मुख्य स्थानहरुमा High Mast Light जडान गरी शहरलाई सुन्दर बनाई सुरक्षाको अनुभुति दिलाउनुपर्ने भएकोले नेपाल विद्युत प्राधिकरणसँग सहकार्य गरी नगरका विभिन्न स्थानहरुमा High Mast Light जडान प्रक्रिया अगाडि बढाउन नेपाल विद्युत प्राधिकरणलाई रकम उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं.१७.३**
**आधुनिक पशुवधशाला संचालन तथा व्यवस्थापनका लागि गरिएको ठेक्का रद्द गर्ने सम्बन्धमा ।**
**निर्णय नं.१७.३**

बुटवल उपमहानगरपालिका वडा नं. १० अन्तर्गत रामनगरमा निर्माण भएको आधुनिक पशुबधशाला सञ्चालन व्यवस्थापन सम्बन्धमा बुटवल उपमहानगरपालिका सार्वजनिक निजी साझेदारी इकाई (सानिसा इकाई) द्वारा मिति २०७८/०६/०७ गते प्रकाशित मनसाय पत्र आह्वान सम्बन्धी सूचना बमोजिम बुटवल मासु उत्पादन तथा प्रशोधन प्रा.लि.ले पेश गरेको प्रस्ताव अध्ययन गर्दा निम्न बमोजिमका कुराहरुमा प्रष्टता नभएको ।

- मनसायपत्र आह्वान हुँदा प्रयाप्त प्रतिस्पर्धा भएको देखिएन ।
- बुटवल मासु उत्पादन तथा प्रशोधन प्रा.लि.ले पेश गरेको प्रस्तावमा मासु उत्पादन गर्ने प्रशोधन गर्ने कुनै ईजाजत पत्र पेश भएको देखिएन ।
- कार्यालयले तयार गरेको बिड डकुमेण्टको ढाँचामा कार्यालयलाई बुझाउने रकम उल्लेख नगरि नाफाको पाँच प्रतिशत भनि उल्लेख गरेको तर पाँच प्रतिशत भनेको कति अंक हो ? नाफा हुने निश्चित आधार के हो ? आदि बिषयहरुमा अन्योलता देखिएको ।
- प्रस्तावक कम्पनीले बिड डकुमेण्टमा नाफाको ५प्रतिशत उल्लेख गरेको र दश बर्षे कार्ययोजनामा रु.४७,३०,०००। ( सतचालिस लाख तिसहजार रुपैयाँ ) बुझाउने मनसायपत्र पेश गरेको ।
- मनसाय पत्रको टेण्डर प्रक्रियामा कतै सार्वजनिक निजी साझेदारी ऐन र कतै सार्वजनिक खरिद ऐन आकर्षित हुने गरी प्रक्रिया अगाडि बढेको देखिएको ।

- मनसाय पत्र सम्बन्धी प्रष्टताको लागि प्रस्तावक कम्पनी र सरोकारवालाहरु बीच बैठकमा छलफल हुँदा २ बर्षको रकम छुट गरिदिन माग राखेको ।

उल्लेखित अन्योलताको कारण मनसायपत्रको अध्ययन गरी राय सुझाव दिनका लागि बुटवल उपमहानगरपालिकाका तत्कालिन अधिकृत नवौं श्री बिष्णु प्रसाद खनालको संयोजकत्वमा मिति २०७९ भदौ २० गते गठन गरिएको ५ सदस्यीय सुझाव समितिको प्रतिबेदन र यस उपमहानगरपालिकाका कानुन अधिकृत श्री ध्रुव भट्टराईको राय सुझावको आधारमा बुटवल मासु उत्पादन तथा प्रशोधन प्रा.लि.ले पेश गरेको मनसायपत्र रद्द गरी पुनः प्रक्रियामा जान उपयुक्त हुने देखी स्वीकृतिका लागि मिति २०८०।२।२ मा कार्यालयबाट पेश हुन आएको टिप्पणी माथि छलफल हुँदा उल्लेखित पृष्ठभुमि, कार्यदलको सुझाव समेतका आधारमा उक्त मनसायपत्र रद्द गरी सो मनसायपत्र दाखिला हुँदा राखेको धरौटी रकम सम्बन्धित वोलपत्रदाताई फिर्ता दिने निर्णय गरियो । साथै सो विषयमा पुनः प्रक्रियामा जानका लागि कार्यालयलाई निर्देशन दिने समेत निर्णय गरियो ।

**प्रस्ताव नं.१७.४**

**स्वास्थ्य संस्था दर्ता अनुमति नवीकरण तथा स्तरोन्नती सम्बन्धी मापदण्ड, २०८० टेवुल गर्ने सम्बन्धमा ।**

**निर्णय नं.१७.४**

कार्यालयबाट तयार भई आजको वैठकमा प्रस्तुत हुन आएको स्वास्थ्य संस्था दर्ता अनुमति नवीकरण तथा स्तरोन्नती सम्बन्धी मापदण्ड, २०८० टेवुल गरियो ।

**प्रस्ताव नं.१७.५**

**सटर बहाल बन्दोवस्तीका लागि टेण्डर गर्ने सम्बन्धमा ।**

**निर्णय नं.१७.५**

(क)उपमहानगरपालिकाबाट वहाल वन्दोवस्ती गर्दा देहाय वमोजिमका सटरहरुको वार्षिक वृद्धि दर ५% गर्ने, वहाल सम्झौता ५ वर्षको हुने, ६ महिनाको वहाल रकम (सम्झौताको अन्तिम बर्षको) अग्रिम जम्मा गर्नुपर्ने, सम्झौता अवधि ५ बर्षको कुल बहाल रकमको ५% धरौटी स्वरुप पेश गर्नु पर्ने, सम्झौता गरेको व्यवसायीले दोश्रो व्यक्तिलाई उक्त सटरको वहाल वन्दोवस्तीको दायित्व परिवर्तन गरिदिन चाहेमा दायित्व स्वीकार गर्ने बहालवालाले साविक सम्झौताको शर्तको अधीनमा रही १ महिनाको बहाल बराबरको रकम नामसारी वापत बुझाउनु पर्ने गरी आयठेक्का बन्दोबस्ती गर्नका लागि प्रस्तावित न्यूनतम वहाल रकमलाई स्वीकृत गरी वोलपत्र आव्हान गर्ने प्रक्रियामा लैजाने निर्णय गरियो ।

| क्र.सं. | सपिङ्ग कम्प्लेक्सको नाम | सटर नं. | न्यूनतम वहाल अंक (मासिक) |
|---|---|---|---|
| १ | अमरपथ सपिङ्ग कम्प्लेक्स | ४०१ | २५000.00 |
| २ | | ४०२ | १८000.00 |
| ३ | | ४०३ | १८000.00 |
| ४ | | ४०४ र ४०५ | २२५00.00 |
| ५ | | ४०६ र माथिल्लो दुबै तला | ७0000.00 |
| ६ | | ४०७ र ४०८ | २५000.00 |
| ७ | | ४०९ | १८000.00 |
| ८ | | ४११ | १८000.00 |

२०८०।३।१२

| | | | |
|---|---|---|---|
| ९ | महिला शिल्पकला भवन अमरपथ सपिङ्ग कम्प्लेक्स | ३०१ | १६५००.०० |
| १० | | ३०२ | १६५००.०० |
| ११ | | ३०३ र ३०४ | २०५००.०० |
| १२ | हाटबजार पूर्व मोहडा सपिङ्ग कम्प्लेक्स | २०१ | २००००.०० |
| १३ | | २०२ | २२५००.०० |
| १४ | | २०३ | १५०००.०० |
| १५ | | २०४ | १५०००.०० |
| १६ | | २०५ | १५०००.०० |
| १७ | | २०६ र २०७ | १८०००.०० |
| १८ | | २०८ र २०९ | १८०००.०० |
| १९ | | २१० | १५०००.०० |
| २० | | २११ | १५०००.०० |
| २१ | | २१२ | १५०००.०० |
| २२ | | २१३ | १५०००.०० |
| २३ | | २१४ | २२५००.०० |
| २४ | | २१५ | १५०००.०० |
| २५ | हाटबजार उत्तर मोहडा सपिङ्ग कम्प्लेक्स | १०१ | १५०००.०० |
| २६ | | १०५ | १००००.०० |
| २७ | | १०६ | १००००.०० |
| २८ | | १०७ | १००००.०० |
| २९ | | १०८ | १००००.०० |
| ३० | | १०९ | ७०००.०० |
| ३१ | | ११० | ७०००.०० |
| ३२ | | १११ | ७०००.०० |
| ३३ | | ११२ | ७०००.०० |
| ३४ | | ११३ | ७०००.०० |
| ३५ | | ११४ | ७०००.०० |
| ३६ | | ११५ | ७०००.०० |
| ३७ | | ११६ | १००००.०० |

(ख) लुम्विनी वस टर्मिनल स्थित सपिङ कम्प्लेक्सको पहिलो र दोश्रो तलाको देहाय वमोजिमका सटरहरुको पुनः वहाल वन्दोवस्ती गर्ने सम्वन्धमा सटरहरुको वहाल वन्दोवस्ती मिलाउन एक मुष्ठ रुपमा लिन ईच्छुक कुनै कम्पनी, व्यवसायी, वैक तथा वित्तिय संघ/संस्थालाई प्राथमिकता दिने र अन्य ईच्छुक व्यक्ति वहालमा लिन आएमा समेत तोकिएको वहाल रकममा कम नहुने गरी वहाल वन्दोवस्ती गर्दा वार्षिक वृद्धि दर ५% गर्ने, वहाल सम्झौता ५ वर्षको, ६ महिनाको वहाल रकम अग्रिम जम्मा गर्नुपर्ने, सम्झौता अवधी ५ बर्षको कुल बहाल रकम को ५% धरौटी स्वरुप पेश गर्नु पर्ने, सम्झौता गरेको व्यवसायीले दोश्रो व्यक्तिलाई उक्त सटरको वहाल वन्दोवस्तीको दायित्व परिवर्तन गरिदिन चाहेमा दायित्व स्वीकार गर्ने बहालवालाले साविक सम्झौताको शर्तको अधीनमा रही १ महिनाको बहाल बराबरको रकम नामसारी वापत बुझाउनु पर्ने गरी आयठेक्का बन्दोबस्ती गर्ने गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

| क्र.सं. | सटर नं. | सटरको विवरण | न्यूनतम वहाल अंक (मासिक) |
|---|---|---|---|
| १ | २५ | लुम्बिनी बस टर्मिनल सपिङ्ग कम्प्लेक्सको पहिलो तलामा रहेको | १२९२०.०० |
| २ | २६ | लुम्बिनी बस टर्मिनल सपिङ्ग कम्प्लेक्सको पहिलो तलामा रहेको | ९९४५.०० |
| ३ | २७ | लुम्बिनी बस टर्मिनल सपिङ्ग कम्प्लेक्सको पहिलो तलामा रहेको | ९७७५.०० |
| ४ | २८ र ३३ | लुम्बिनी बस टर्मिनल सपिङ्ग कम्प्लेक्सको पहिलो तलामा रहेको | ९८६०.०० |
| ५ | २९ र ३२ | लुम्बिनी बस टर्मिनल सपिङ्ग कम्प्लेक्सको पहिलो तलामा रहेको | ८६७०.०० |
| ६ | ३० र ३१ | लुम्बिनी बस टर्मिनल सपिङ्ग कम्प्लेक्सको पहिलो तलामा रहेको | १०८८०.०० |
| ७ | ३४ | लुम्बिनी बस टर्मिनल सपिङ्ग कम्प्लेक्सको पहिलो तलामा रहेको | २१२५०.०० |
| ८ | ३५ | लुम्बिनी बस टर्मिनल सपिङ्ग कम्प्लेक्सको पहिलो तलामा रहेको | १०५४०.०० |
| ९ | ३६ | लुम्बिनी बस टर्मिनल सपिङ्ग कम्प्लेक्सको पहिलो तलामा रहेको | ९७७५.०० |
| १० | ३९ | लुम्बिनी बस टर्मिनल सपिङ्ग कम्प्लेक्सको दोस्रो तलामा रहेको | ९९४५.०० |
| ११ | ४० | लुम्बिनी बस टर्मिनल सपिङ्ग कम्प्लेक्सको दोस्रो तलामा रहेको | ७६५०.०० |
| १२ | ४१ | लुम्बिनी बस टर्मिनल सपिङ्ग कम्प्लेक्सको दोस्रो तलामा रहेको | ७४८०.०० |
| १३ | ४२ र ४७ | लुम्बिनी बस टर्मिनल सपिङ्ग कम्प्लेक्सको दोस्रो तलामा रहेको | ७३१०.०० |
| १४ | ४३ र ४६ | लुम्बिनी बस टर्मिनल सपिङ्ग कम्प्लेक्सको दोस्रो तलामा रहेको | ६६३०.०० |
| १५ | ४४ र ४५ | लुम्बिनी बस टर्मिनल सपिङ्ग कम्प्लेक्सको दोस्रो तलामा रहेको | ८३३०.०० |
| १६ | ४८ | लुम्बिनी बस टर्मिनल सपिङ्ग कम्प्लेक्सको दोस्रो तलामा रहेको | १६२३५.०० |
| १७ | ४९ | लुम्बिनी बस टर्मिनल सपिङ्ग कम्प्लेक्सको दोस्रो तलामा रहेको | ८०७५.०० |
| १८ | ५० | लुम्बिनी बस टर्मिनल सपिङ्ग कम्प्लेक्सको दोस्रो तलामा रहेको | ७५६५.०० |

**प्रस्ताव नं.१७.६**

**कृषक समुहलाई सहजिकरण गर्ने गरी तिनाउँ गाउँपालिकालाई ३ वटा सटर उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय नं.१७.६**

बुटवल उपमहानगरपालिकाको उत्तर तर्फको छिमेकी तिनाउँ गाउँपालिका भित्र रहेका कृषकहरुलाई बुटवल बजार क्षेत्रमा प्रवेश गरी तरकारी बजारीकरणका लागि सहजिकरण गर्न आवश्यक भएको हुँदा यस उपमहानगरपालिकाको स्वामित्वमा रहेको बुटवल ५ हाटवजार स्थित शपिङ्ग कम्प्लेक्समा रहेका ३ वटा सटरहरु क्रमश: १०२, १०३ र १०४ को प्रति सटर मासिक रु.१०,०००।- का दरले भाडा लिने गरी बार्षिक सम्झौता गरी तिनाउँ गाउँपालिकालाई उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं.१७.७**

**अव्यवस्थित बसोवासी क्षेत्रको नक्शांकन प्रयोजनका लागि आवश्यक जनशक्ति राख्ने सम्बन्धमा ।**

**निर्णय नं.१७.७**

बुटवल उपमहानगरपालिका भित्र अव्यवस्थित बसोवासीहरुको नक्शांकन गर्ने क्षेत्र धेरै रहेको र एउटा मात्र Total Station मेशिनको संचालनबाट नापी कार्य समयमै सम्पन्न हुने अवस्था नदेखिएको हुँदा थप जनशक्ति व्यवस्थापन गरी समयमै कार्य सम्पन्न गराउन मनासिव हुने भएको हुँदा हाललाई बढीमा ०८० असार मसान्तसम्मका लागि देहायको जनशक्ति थप गरी नाप नक्शांकनको कार्य गराउने निर्णय गरियो ।

-सर्भेक्षक-२
-अमिन-२
-नापी सहयोगी-५

**प्रस्ताव नं.१७.८ विविध ।**

**प्रस्ताव नं.१७.८.१**

**City Net को सदस्यता नवीकरण सम्बन्धमा ।**

**निर्णय नं.१७.८.१**

बुटवल उपमहानगरपालिका विगत बर्षहरु देखि नै City Net को सदस्य रहेको हुँदा सोको निरन्तरताका लागि लाग्ने शुल्क बुझाई City Net को सदस्यता नवीकरण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१७.८.२**

**बैदेशिक भ्रमण सम्बन्धमा ।**

**निर्णय नं.१७.८.२**

बुटवल उपमहानगरपालिकाका नगरप्रमुख श्री खेलराज पाण्डेय र प्रमुख प्रशासकीय अधिकृत टेकराज पन्थी जापान भ्रमणका लागि नेपाल सरकार र स्थानीय तहको आर्थिक भार नपर्ने गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग भ्रमणका लागि सहमति माग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१७.८.३**

**बुटवल उपमहानगरपालिका क्षेत्रभित्रका ठेला व्यवसायलाई व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०७९ संशोधन सम्बन्धमा ।**

**निर्णय नं.१७.८.३**

बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका ठेला व्यवसायलाई व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०७९ मा संशोधन गर्न आवश्यक भएको हुँदा देहाय बमोजिम हुने गरी उक्त कार्यविधिमा संशोधन गर्ने निर्णय गरियो ।

देहाय :

| कार्यविधिको दफा, उपदफा | भएको व्यवस्था | संशोधन वा थप गर्नका लागि प्रस्ताव | कारण |
|---|---|---|---|
| दफा २ परिभाषा बुँदा (ज) थप गरिएको | | **(ज) "प्रमुख" भन्नाले बुटवल उपमहानगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।** | परिभाषा थप गर्नुपर्ने भएकाले |
| दफा ४ को उपदफा (४) | नगरकार्यपालिकाले उपदफा (३) बमोजिमको स्वीकृतिलाई आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ । | **उपदफा (३) बमोजिम प्रदान गरिने स्वीकृति सम्बन्धमा ठेलाको संख्या, स्थान, व्यवसायको प्रकृति, समय, ठेलाको बनोट, रङ लगायतका विषयमा अन्तिम निर्णय गर्ने अधिकार नगर प्रमुखमा निहित** [illegible] | निर्णय प्रकृयालाई सरल एवं छिटो गराउनका लागि |

२०८०।२।३

| | | | |
|---|---|---|---|
| दफा ७ को उपदफा (२) | ............नेपाली नागरिकताको प्रतिलिपि साथै राखी सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ । | ............नेपाली नागरिकताको प्रतिलिपि साथै राखी सम्बन्धित **वडा** कार्यालयमा निवेदन दिनु पर्नेछ । | सहज दर्ता प्रकृया अवलम्बन गर्न |

**प्रस्ताव नं.१७.८.४**

**मेलमिलापकर्तालाई यातायात खर्च उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय नं.१७.८.४**

यस बुटवल उपमहानगरपालिकाको न्यायिक समितिमा दर्ता भएका विवादहरुको निरुपण गर्ने सिलसिलामा सामूदायिक मेलमिलाप केन्द्रमा उपस्थित भई छलफल गर्दा विगतका बर्ष देखि नै प्रति मेलमिलाप छलफल सत्र प्रति मेलमिलापकर्ता रु.५००।- का दरले यातायात खर्च दिदै आएको हुँदा स्वीकृत बजेट शीर्षकबाट भुक्तानी हुने गरी यस आर्थिक बर्षको पनि छलफल सत्रमा बस्दाको मेलमिलापकर्ताहरुलाई प्रति मेलमिलापकर्ता रु.५००।- का दरले यातायात खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं.१७.८.५**

**वैदेशिक भ्रमण सम्बन्धमा ।**

**निर्णय नं.१७.८.५**

बुटवल उपमहानगरपालिकाका उपप्रमुख श्री सावित्रादेवी अर्यालको नेतृत्वमा थाइल्याण्ड भ्रमणका लागि उपप्रमुख सावित्रादेवी अर्याल र वडा नं.६ का वडा अध्यक्ष लोकनाथ न्यौपानेलाई नेपाल सरकार र स्थानीय तहको आर्थिक भार नपर्ने गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग भ्रमणका लागि सहमति माग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१७.८.६**

**बार्षिक समीक्षा सम्बन्धमा ।**

**निर्णय नं.१७.८.६**

स्थानीय तहको निर्वाचन, २०७९ को माध्यमबाट निर्वाचित भई पदबहाली गरेपश्चात हालसम्म बार्षिक रुपमा सम्पादन भएका कार्यहरुको सन्दर्भमा मिति २०८०।२।९ गते विहान ११:०० बजे समीक्षाका लागि वैठकको आयोजना गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१७.८.७**

**अनुदान सम्बन्धमा ।**

**निर्णय सं.१७.८.७**

बुटवल उपमहानगरपालिका वडा नं. १५ को सिर्जनसिल टोल बिकाश संस्थामा रहेको कृषि खेतिको लागि रहेको डिप ट्युवेलको ट्रान्सफर्म फर्म बिग्रेको कारण ट्युवेलमा रहेको बिद्युत मिटरमा अनायास १५९०००। एक लाख उनानसाठी हजारमात्र बिल उठेकोले उक्त बिद्युत बिल भुक्तानीको लागी उल्लेखित रकम सिर्जनसिल टोल बिकाश संस्थालाई अनुदान दिई सहयोग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१७.८.८**

**सहयोग सम्बन्धमा ।**

**निर्णय नं.१७.८.८**

विभिन्न संघसंस्था एवं व्यक्तिहरुबाट सहयोग माग भई आएका पत्रहरु आजको बैठकमा पेश भई छलफल हुँदा देहायका संस्था एवं व्यक्तिहरुलाई देहायको प्रयोजनका लागि देहाय बमोजिमको सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

१.मणिमुकुन्दसेन उद्यान संरक्षण समिति, बुटवल-२ :- राष्ट्रिय पार्क सम्मेलनका लागि रु.५ लाख

२.अभिषेक गौतम -भाई आइवेस गौतमको उपचार सहयोग रु.५० हजार
बुटवल-७

**प्रस्ताव नं.१७.८.९**
**खरिद सम्झौताको भेरिएसन आदेश सहित म्याद थप सम्बन्धमा ।**
**निर्णय नं.१७.८.९**

भारतीय सरकारको साना विकास परियोजना परिचालनबाट लागत साझेदारी कार्यक्रममा यस उपमहानगरपालिकाबाट तोकिए बमोजिमको लागत सहभागिता व्यहोर्ने गरी आ.व २०७७०७८ मा स्वीकृत भई चालु आ.व.२०७९।०८० का लागि आर्थिक दायित्व सरी आएको बुटवल उपमहानगरपालिका **वडा नं. ११ स्थित नहरपुर माध्यमिक विद्यालय भवन निर्माण** ( ठेक्का नं. ३४/०७७/०७८ **कार्य**का लागि बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय र श्री सि.एम.सगुन जे.भी. बु.उ.म.न.पा.-१३ वीच मिति २०७८।०२।२६ मा उक्त कार्य मिति २०७९।०२।२५ गते भित्र सम्पन्न गर्ने गरी संझौता भई कार्यादेश दिईएकोमा मिति २०७९।०९।१४ गतेको नगरकार्यपालिका बैठकको निर्णयानुसार २०७९।१२।०९ गतेसम्म खरिद संझौताको अवधि थप भएको । समयमा निर्माण सामाग्री प्राप्तिमा अवरोध भएको, प्रतिनिधि तथा प्रदेश सभाको चुनावका कारण कामदार तथा जनशक्तिको अभाव हुनु ,नदीजन्य पदार्थको अभाव समेतका कारण तोकिएको समयमा कार्य सम्पन्न हुन नसकेकाले मिति २०८०।०३।१५ गतेसम्म म्याद थप गरिदिनु हुन भनी सम्बन्धित निर्माण व्यवसायीको माग बमोजिम म्याद थप हुन प्राविधिकबाट सिफारिस भइ आएको हुंदा बुटवल उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली ,२०७७ को नियम १२९ को उप नियम ३ बमोजिम जांचबुझ गर्दा निवेदनमा उल्लेखित कारण मनासिव देखिएमा छ महिना सम्मको अवधि बोलपत्र स्वीकृत गर्ने अधिकारी र सो भन्दा बढी अवधिको कार्यपालिकाले थप गर्न सक्ने छ भन्ने व्यवस्था भएकोले सो व्यवस्था बमोजिम निवेदकको माग अनुसार मिति २०८०।०३।१५ गतेसम्म म्याद थप गर्ने र Variation Report बमोजिम संझौता अंकको २.६३ % प्रतिशतले हुने रकम ८,६४,५३०।४० **सोही आयोजनाको कन्टिन्जेन्सी वापतको रकम रु ८,६७,४८१।०२ मध्येबाट बजेट** व्यवस्था गरी भेरिएशन सहितको रकम रु. ३,३७,८९,६४८।९३ Variation Order समेत स्वीकृत गर्ने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।